नेपाल सरकार
उद्योग, वाणिज्यतथाआपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथाउपभोक्ता संरक्षणविभाग
( वैदेशिकव्यापार नियमनशाखा )
बबरमहल, काठमाडौं

पत्र संख्या :वै.व्या.नि. २०७७/७८
चलानी नं.:

## प्रेस विज्ञप्ती

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले संघीयता कार्यान्वयन, वाणिज्य प्रशासन सम्बन्धी सेवा प्रवाह सुधारका सन्दर्भमा निम्न पहल कदमी लिएको छ ।

१.) संघीय ढांचामा आधारित राज्य व्यवस्था तथा नेपालको संविधानमा भएका संघीयता सम्बन्धी प्रावधानलाई कार्यान्वयन गर्ने उद्धेश्यले वाणिज्य प्रशासन सम्बन्धी कार्यजिम्मवारी संघ, प्रदेश तथा स्थानीय तहमा बाँडफाँड एवं हस्तान्तरण गरिने भएको छ । वाणिज्य प्रशासन सम्बन्धी कार्य जिम्मेवारी हस्तान्तण अवधारणा पत्र तथा कार्ययोजना, २०७७ मिति २०७७/०९/१७ को मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भएको थियो । उक्त कार्ययोजना देहायबमोजम चरणबद्ध कार्यान्वयन गरिने छ ।

- निकासी पैठारी व्यापार बाहेकका प्राइभेट तथा साझेदारी फर्म दर्ता तथा नियमनको कार्य प्रदेश कानून तर्जुमा भएका प्रदेशबाट क्रमशः हस्तान्तरण गरिने ।

नेपाल सरकार

उद्योग, वाणिज्यतथाआपूर्ति मन्त्रालय

वाणिज्य, आपूर्ति तथाउपभोक्ता संरक्षणविभाग

( वैदेशिकव्यापार नियमनशाखा )

बबरमहल, काठमाडौं

फोन नं. [illegible]


पत्र सख्या :वै.व्या.नि. २०७७७८

चलानी नं.:

- प्रारम्भमा कानून तर्जुमा भइसकेको वागमती प्रदेश भित्रका निकासी पैठारी व्यापार बाहेकका प्राइभेट तथा साझेदारी फर्म दर्ता तथा नियमनको कार्य २०७७ फागुन १ गतेदेखि वागमती प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगतका जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरूबाट संचालन हुने।
- वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा पहिले नै दर्ता भइसकेका फर्महरूको नवीकरण, संशोधन र खारेजी सम्बन्धी कार्य भने सम्बन्धित प्रदेशमा हस्तान्तरण नभएसम्म यसै विभागबाट संचालन हुने । साथै विभागमा दर्ता भई संचालनमा रहेका यस्ता व्यापारिक फर्महरूलाई क्रमशः हस्तान्तरण गरिने।
- बागमती प्रदेश अन्तरगतका घरेलु तथा साना उद्योग कार्यालयहरूमा दर्ता भई संचालनमा रहेका बैदेशिक व्यापारमुलक (निकासी पैठारीसँग सम्बन्धित) फर्महरूको सक्कलै फाइल सहित हस्तान्तरण २०७८ असारमसान्तभित्र विभागमा हस्तान्तरण भई विभागबाट नै नियमन हुने।

नेपाल सरकार
उद्योग, वाणिज्यतथाआपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथाउपभोक्ता संरक्षणविभाग
( वैदेशिकव्यापार नियमनशाखा )
बबरमहल, काठमाडौं

फोन नं ४२४३३२९
४२४७९१२
४२३९९२२
४२४९६०२

पत्र संख्या वै.व्या.नि. २०७७।७८
चलानी नं.:

- प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ तथा नियमावली, २०३४ तथा साझेदारी ऐन, २०२० बमोजिम यस विभागमा दर्ता हुदै आएका बागमती प्रदेश भित्रका स्थानीय व्यापारिक प्राइभेट तथा साझेदारी फर्मको नयाँ दर्ता तथा नियमन सम्बन्धी कार्यहरू मिति २०७७ फागुन १ गते देखि बागमती प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगतका जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरूबाट दर्ता हुने भएको हुनाले स्थानीय व्यापार गर्न इच्छुक व्यक्तिहरूले व्यवसाय दर्ताका लागि सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ ।

२.) Online माध्यमबाट व्यवसाय फर्म दर्ता लगायत व्यवसाय नियमन सम्बन्धी सेवा प्रवाह सहजीकरणका लागि यस विभाग र phone Pay बीच सम्झौता गरिएको छ । Digitalize भुक्तानी प्रकृया प्रवर्द्धन गर्न व्यवसायीलाई निशुल्क QR Code सुविधा समेत उपलब्ध हुनेछ । यसबाट २०७८ असार मसान्त सम्म करिब १ लाख व्यवसायीले लाभ लिने अनुमान गरिएको छ ।

२०७७।१०।२९

(शिवराज सेढाईं)

प्रवक्ता